# भारत तथा अन्य मुलुकहरूमा ताजा तरकारीको निर्यात सम्भाव्यता

नेपालमा अन्न, फलफूल र अन्य नगदे बालीको तुलनामा तरकारीमा गरिने लगानीबाट उच्चतम लाभ प्राप्त हुने कारणले नै कृषकहरु बिस्तारै तरकारी खेतीतर्फ आकर्षित भएका हुन् । सम्भवतः यिनै कारणले होला, आ. व. ०६१/६२ को तुलनामा आ. व. ०७१/७२ मा तरकारी खेती हुने क्षेत्र झण्डै ४० प्रतिशतले विस्तारित भएको छ भने तरकारी उत्पादनको परिमाणमा समेत हरेक वर्ष क्रमशः वृद्धि हुँदै गएको तथ्याङ्क पाइन्छ । अझै रोचक पक्ष के छ भने, तरकारी र विशेषगरी बेमौसमी तरकारी, नेपालको गरिबी घटाउने एउटा प्रभावकारी साधन बन्न पुगेको छ ।

तरकारीको बजार विकासको उच्च सम्भावना नेपालमा मात्र नभई सीमापारी भारतमा समेत रहेको देखिन्छ । अहिले आएर हेर्दा, भारत निकासी हुने प्रमुख कृषिजन्य वस्तुहरूमा बेमौसमी तरकारी तुलनात्मक लाभको श्रेणीमा पर्दछ । मनसुने वर्षाको कारण जम्ने पानी र आउने बाढीका कारण नेपालको तराईका समथल भूभाग र भारतमा समेत जुलाईदेखि सेप्टेम्बरबीचको समयलाई तरकारी खेतीको लागि उपयुक्त मानिंदैन । यस्ता मौसमी प्रतिकूलताका कारण काउली, बन्दाकोभी र फर्सी जस्ता प्रमुख तरकारीको उत्पादनमा नकारात्मक प्रभाव परेको देखिन्छ । तथापि, समग्र नेपालको भौगोलिक विविधतालाई हेर्ने हो भने तराईको तुलनामा मध्य तथा उच्च पहाडी क्षेत्रमा वर्षायामलगायत अन्य समय समेत धेरै प्रकारका तरकारी खेतीका लागि उपयुक्त देखिन्छ । यस किसिमको उपयुक्तताले नेपाली किसानहरूको उत्पादन निर्यातका लागि नयाँ बजार र सम्भावनाको ढोका खुलेको प्रष्ट रूपमा देखिन्छ । यो नीतिसारमा, सावतीद्वारा सम्पन्न नेपालमा ताजा तरकारी उत्पादन र सोको भारत तथा अन्य मुलुकहरूमा निर्यात संभाव्यताहरू पहिचान गर्ने उद्देश्यले सम्पन्न अनुसन्धानका प्रमुख निष्कर्षहरूलाई संक्षेपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । यसका अतिरिक्त यो जानकारी पत्रमा सोही अध्ययनलाई आधार मानेर तरकारीको माग र आपूर्ति दुवै पक्षका साथै विशेष गरि निर्यातका बेला कृषक तथा व्यापारीहरूले सामना गर्दै आएका अवरोधहरूलाई समेत छर्लङ्ग पार्ने प्रयास गरिएको छ ।

## तरकारी आयात तथा निर्यातको अवस्था

तरकारीको आयात निर्यातको तथ्याङ्क (हेर्नुहोस् तालिका १) हेर्दा विगत तीन वर्षमा निर्यातको तुलनामा तरकारी आयातको परिमाण निकै बढिरहेको देखिन्छ । नेपालको काँकडभित्ता भन्सार नाकाबाट तरकारीको कारोबार अत्यधिक मात्रामा हुने गरेको अध्ययनले देखाएको छ । त्यसैगरी, वीरगन्ज भन्सारबाट अनौपचारिक तरकारीको कारोबारलाई पनि हेर्ने हो भने लगभग काँकडभित्ताकै हाराहारीमा हुने गरेको तथ्यलाई आ. व. २०७०/७१ र २०७१/७२



मिलु थापा

**तालिका १ विभिन्न भन्सारबाट आयातित तथा निर्यातित तरकारी (रूपैयाँमा)**

| आयातित | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष | भैरहवा | विराटनगर | वीरगञ्ज | कैलाली | काकरभिट्टा | कञ्चनपुर | नेपालगञ्ज |
| २०७०/७१ | २,८३२,५८२,४१० | - | १,०१७,९९२,३७५ | २३७,६०४,४७१ | ९८४,०८४,४६७ | - | २३७,६०४,४७१ |
| २०७१/७२ | ३,४५३,०७२,१९० | - | ९८५,११०,८६१ | २४०,५८५,९९१ | १,४४८,३४८,९५५ | - | २४०,५८५,९९१ |
| २०७२/७३ | ३,१८९,८१६,१७३ | - | ४५२,०५८,९८४ | ४१४,६२९,५७९ | - | ९३,६५३,३३८ | ४१४,६२९,५७९ |
| औषत वृद्धि दर | ७.१४% | | -२८.६७% | ३६.८०% | ४७.१८% | | ३६.८०% |
| निर्यातित | | | | | | | |
| २०७०/७१ | १३७,३०७ | - | ३५,१९१,०३१ | - | ३६,३८१,३८२ | - | - |
| २०७१/७२ | ५,२७१,४९४ | - | ७७,५५६,६६० | - | ५६,३३३,९८६ | - | - |
| २०७२/७३ | ७२,३५० | - | ३०,२३५,४३७ | - | - | - | - |
| औषत वृद्धि दर | -३०.५८% | | ३०% | | ५४% | | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०१६*

को तथ्याङ्कले पुष्टि गरेको छ । यी क्षेत्रहरुमा दुई पाङग्रे, तीन पाङग्रे तथा रिक्साहरूको माध्यमबाट अत्यधिक रूपमा अनौपचारिक कारोबारहरू सञ्चालनमा छन् जसको अभिलेख राख्ने वा नराख्ने भन्ने विषय चाहिं भन्सार अधिकारीहरूकै निर्णयमा निर्भर गर्दछ ।

विगत १० वर्षदेखि धनकुटा जिल्लाको परेवादिन गाउँ विकास समितिको सिन्धुवा गाउँका किसानहरूको सहकारी सक्रिय रहेका कारण काँकडभित्ताबाट नियमित निर्यात हुने गरेको छ । विशेष गरेर त्यस सहकारीले सीमापारीका निश्चित बजारको रूपमा रहेका अनाथालयहरू तथा सैन्य शिविरहरूमा बन्दाकोभी, गोलभेंडा र हरियो खुर्सानी आदि जस्ता तरकारीहरूको निर्यातमा किसानहरूलाई सहयोग पुऱ्याएको छ ।

विराटनगर भन्सारबाट निर्यात हुने मुख्य तरकारीहरूमा आलु, गोलभेंडा, प्याज, लसुन र कहिलेकाहिं चुकन्दर र खुर्सानी पर्दछन् । यो नाकाबाट गोलभेंडाको निर्यात ज्यादै कम र आयात भने अत्यधिक परिमाणमा हुने गरेको देखिन्छ । आ. व. २०७१/७२ मा आलु निर्यातको अभिलेख बाहेक अन्य सबै वर्षहरूमा आलु अत्यधिक मात्रामा आयात भएको पाइन्छ । नेपालबाट हुने तरकारी निर्यातको स्थितिलाई हेर्दा न त एकरूपता देखिन्छ, न त ठूलो परिमाणमा नै हुने गरेको पाइन्छ । वीरगन्जबाट हुने तरकारी निर्यातको मासिक तथ्याङ्क अनुसार असारदेखि असोज महिनासम्मको समय तरकारी निर्यातको लागि अनुकूल देखिन्छ, तथापि यी महिनाहरूमा समेत आयात अत्यधिक नै पाइन्छ ।

नेपाल भारतबीचको द्विपक्षीय व्यापार सन्धिमा उल्लेखित उत्पत्तिको नियमको प्रावधान पूरा भएमा प्रायःजसो सबै नेपाली वस्तुहरूले भारतीय बजारमा बिना रोकटोक पहुँच प्राप्त गर्न सक्दछन् । विशेषगरी आधारभूत कृषिजन्य वस्तुहरूमध्ये तरकारीलाई पूर्ण रूपमा नेपालमा उत्पादित वस्तु अन्तर्गत वर्गीकृत गरिएको हुनाले यी वस्तुले महसुल छुटसँगै भारतीय बजारमा पहुँच पाएका छन् । भन्सार जाँचपास बाहेक यस्ता वस्तुको प्रवेशका लागि भारतको खाद्य सुरक्षा एवं स्तर प्राधिकरण (Food Safety and Standards Authority of India-FSSAI) अन्तर्गत रहेको खाद्य आयात जाँचपास प्रणाली (Food Import Clearance System-FICS) बाट अनुमति पत्र (No Objection Certificate) को अतिरिक्त त्यहाँको वनस्पति क्वारेन्टाइनसँग सम्बन्धित दायित्वहरू समेत पूरा गर्नु आवश्यक पर्दछ ।

यसरी तरकारी निर्यातको पर्याप्त सम्भावना हुँदाहुँदै पनि पर्याप्त निर्यात नरहेको परिप्रेक्ष्यमा यससँग सम्बन्धित माग र आपूर्तिका साथै बजारसम्बन्धी मुख्य मुद्दाहरु केलाउने उद्देश्यले यो अनुसन्धान गरिएको हो ।

## आपूर्ति पक्षका मुद्दाहरू

*समग्र तथ्याङ्कबाट पर्याप्त उत्पादन र बचत देखिएको :* जनसंख्यालाई आवश्यक पर्ने सन्तुलित आहारको आवश्यकता तथा अहिलेको तरकारी उत्पादनको स्थितिलाई विश्लेषण गर्दा कुल उत्पादनले घरेलु बजारको माग पूरा गरि केही बचत पनि हुन सक्ने स्थितिको चित्रण गर्दछ (हेर्नुहोस्, तालिका २) । यो विश्लेषणमा उत्पादन र खपतका आवश्यकताका साथसाथै वि.सं. २०६८ देखि २०७२ सम्म पाँच वर्षको अवधिमा वृद्धि हुनसक्ने अनुमानित जनसंख्याको सम्बन्धमा पनि विचार गरिएको छ ।

*उत्पादनमा देखिएको अस्थिरता र उतार चढाव :* तरकारी उत्पादनमा संलग्न किसानहरूमा सही योजना बनाउन सक्ने क्षमताको अभाव छ । यसकारण, कुनै स्थानमा चाहिनेभन्दा बढी र कुनै स्थानमा कम उत्पादन हुने गरेको पाइन्छ । किसानहरू बजारको आवश्यकतालाई ध्यानमा राखेर उत्पादन गर्नभन्दा सानो-सानो परिमाणमा धेरै प्रकारका तरकारीहरू उत्पादन गर्नमा बढी रूचिकर देखिन्छन् ।

*उच्च उत्पादन लागत नै निर्यातको लागि बाधक :* नेपालमा भारतको तुलनामा तरकारी उत्पादन लागत अत्यन्तै बढी रहेको छ । भारतमा कृषिको व्यवसायीकरणको गति उच्च रहनु, किसानहरूलाई कृषि मलमा उच्च अनुदान दिइनु, सिंचाई, उर्जा र कल-कारखाना, गुणस्तरीय प्रविधिका कारण उच्च कृषि उत्पादकत्व रहेको छ । यसकारण भारतीय तरकारी उत्पादन लागत नेपालको भन्दा कम भएको पाइन्छ । यति हुँदाहुँदै पनि सिलिगुडी बजारमा भने भारत र भुटानका बन्दाकोभी भन्दा नेपाली बन्दाकोभी सबैभन्दा सस्तो पाइएको थियो ।

*तरकारी उत्पादनका लागि सरकारी स्तरबाट ल्याइएका सहयोग कार्यक्रमहरूका कमी कमजोरी :* तरकारी उत्पादन वृद्धि गर्ने उद्देश्यले नेपाल सरकारद्वारा युवालाई लक्षित गरी ल्याइएका कार्यक्रमहरूको कार्यान्वयन त्यति प्रभावकारी हुनसकेको छैन । यसप्रकारका सहयोग कार्यक्रमहरू लक्षित समूहसम्म पुग्न असफल हुनुका साथै उत्पादनलाई बजारिकरण र निर्यातसँग जोड्न नसक्नुका कारण किसानहरू त्यति उत्साहित नभएका हुन् ।

*बिना परीक्षण निम्न गुणस्तरका भारतीय तरकारीहरू भित्रिनु :* भारतीय तरकारीहरू एकदमै सरल क्वारेन्टाइन परीक्षणबाट नेपाली बजारमा छिर्न सक्छन् । फलस्वरूपः ती आयातित तरकारीहरूसँग नेपाली कृषकले उत्पादन गरेका तरकारीहरू उच्च गुणस्तरका भए पनि मूल्यमा प्रतिस्पर्धा गर्न सक्दैनन् । यसकारण पनि नेपालको तरकारी उत्पादनमा प्रतिकूल प्रभाव पर्ने गरेको छ ।

*भविष्यमा तरकारी उत्पादनमा थप वृद्धिको अपेक्षा :* भूमिहीन किसानहरूको आय वृद्धि गर्ने उद्देश्यले नेपालका पश्चिमी, मध्य-पश्चिमी तथा सुदूरपश्चिमी क्षेत्रका नदीहरूका तटवर्ती क्षेत्रमा उत्पादनलाई लक्षित गरी विभिन्न सरकारीका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको पहलमा ल्याइएका विभिन्न कार्यक्रमहरूका कारण नेपालमा भविष्यमा तरकारी उत्पादनमा थप वृद्धि हुने आशा गरिएको छ । तथापि, यसका लागि उचित बजारिकरण रणनीति बनाउनेतर्फ भने ध्यान पुऱ्याउनु अत्यन्तै आवश्यक देखिन्छ ।

*एकीकृत किटनाशक औषधि व्यवस्थापनको अप्रभावकारी कार्यान्वयन:* नेपाल सरकारको एकीकृत किटनाशक औषधि व्यवस्थापन प्रभावकारी नभएको कारण मानव स्वास्थ्यलाई पर्ने असरका सम्बन्धमा जानकार नै नभइकन किसानहरू रसायनिक मल, विषादी तथा अन्य किटनाशक औषधि प्रयोग गर्दै आएका छन् । उपभोक्ताहरू नेपालमा उत्पादित तरकारीप्रति विश्वस्त हुन नसकेको कारणबाट समेत नेपाली उत्पादनहरूको निर्यातमा धेरै अवरोधहरू सिर्जना भएका छन् ।

## माग पक्षका मुद्दाहरू

नीतिसारको यो खण्डमा नेपाली तरकारी निर्यात हुनसक्ने बजारका रूपमा रहेका भूटान, बंगलादेश, भारत र मध्य-पूर्वी देशहरूमा सम्भावित मागको अवस्थालाई खोतल्ने प्रयास गरिएको छ ।

*भारत :* भारतमा आ. व. २०६८/६९ मा कूल अमेरिकी डलर १ अरब ९७ करोडको तरकारी विदेशबाट आयात गरिएको थियो भने आ. व. २०७२/७३ मा आएर यो आँकडा ४ अरब २ करोड अमेरिकी डलर पुगेबाट त्यहाँको बजारमा हरेक वर्ष ताजा तरकारीको मागमा वृद्धि हुँदै गएको स्पष्ट देखिन्छ । सर्वेक्षणबाट नेपालमा उत्पादित ताजा तरकारीहरू भारतमा निर्यात गर्न सकिने देखिएको छ । यसको उदाहरणको रूपमा कञ्चनपुर जिल्लाको दोधारा चाँदनी गाविसबाट उत्पादित परवर भारतमा पाइने भन्दा निकै गुणस्तरीय (कम किटनाशक औषधि प्रयोग गरिएको र अखाद्य रंगको प्रयोग नभएको) भएका कारण भारतीय बजारमा त्यहाँ पाइने परवर भन्दा पनि अधिक मूल्यमा बिक्री भएको थियो । पछिल्लो समयमा क्वरान्टाइन जाँचको जटिल प्रक्रियाका कारण यसको निर्यात बन्द हुन पुगेको छ । परवरका साथसाथै त्यस क्षेत्रबाट गोलभेंडा पनि ठूलो परिमाणमा भारत निर्यात हुने गरेकोमा पछिल्लो समयमा आएर यो पनि क्वरान्टाइन जाँचका कारण बन्द भएको छ ।

स्थलगत अध्ययनका क्रममा अनौपचारिक रूपमा साइकल र रिक्सामा राखी काँकडभित्ताबाट सीमा पारी भारत जाने सवारी साधनहरूको संख्या समेत गणना गरिएको थियो । यसक्रममा फर्सी, काउली, सागपात, बन्दाकोभी र गोलभेंडा आदि तरकारीहरूले भरिएका साइकल तथा रिक्साहरूले औसतमा ५९५० केजी प्रति दिन सीमा पारी लाने गरेको पाइयो । दुई दिनको यो अवलोकनको आधारमा नेपालका अन्य भन्सार नाकाबाट पनि सोही औसत र परिमाणमा निर्यात भइरहेको हुनसक्ने अनुमान गरिएको थियो । अत्यधिक रूपमा हुने गरेको यस्तो अनौपचारिक व्यापारले नेपालको औपचारिक तरकारी व्यापारमा ठूलो समस्या सिर्जना गरेको छ भन्ने पनि सहजै अनुमान गर्न सकिन्छ । तथापि, अनौपचारिक रूपमा सञ्चालित यस प्रकारको तरकारी निर्यातबाट भारतीय बजारमा नेपाली तरकारीको माग प्रशस्त छ भन्ने कुरा पनि प्रष्ट हुन्छ ।

भारतमा वर्षायाम तरकारी उत्पादनका लागि मन्दीको मौसम हुने कारण भारतीय थोक व्यापारीहरू तरकारी संकलनका लागि नेपाल आउँदछन्, जसका कारण यस मौसममा नेपालबाट अत्यधिक रूपमा तरकारी भारत निर्यात हुने गरेको पाइन्छ । नेपाली व्यापारीहरूका भनाइ अनुसार तरकारीलाई केही लामो अवधिसम्म भण्डारण गर्न सकिए यसको बिक्रीबाट धेरै राम्रो मुनाफा हुनसक्ने भएता पनि आजका दिनसम्म त्यस्तो सुविधाको लागि पर्याप्त स्रोत र साधन जुटाउन नसकेको उनीहरूको गुनासो छ ।

*बंगलादेश :* बंगलादेशमा तरकारी उत्पादनका लागि पर्याप्त जग्गा जमिन छैन र भएका पनि वर्षायाममा जलमग्न हुने भएका कारण अत्यधिक मात्रामा ताजा तरकारी आयात हुने गरेको छ । ताजा तरकारी त्यसमा पनि विशेषगरी गोलभेंडा, बन्दाकोभी, सलाद, गाजर र अन्य सबै हरिया तरकारीहरूको (HS कोड अन्तर्गत सात अध्यायका सबै) आयातमा बंगलादेशले उच्च भन्सार शुल्क अर्थात् २५ प्रतिशत कर लगाउने गरेको छ । यसका अतिरिक्त त्यहाँ अन्य गैर-भन्सार अवरोधहरू पनि रहेका पाइन्छन् ।

प्राप्त तथ्याङ्क अनुसार बंगलादेशले वि. सं. २०७२ मा ५३ करोड ५० लाख डलर बराबरको ताजा तरकारी आयात गरेको पाइन्छ । यसरी गरिने आयातको प्रवृत्ति

**तालिका २** तरकारी उत्पादन र खपत

| वर्ष | जनसंख्या | उत्पादन (किलो) | खपत (२८० ग्राम/प्रतिव्यक्ति/प्रतिदिन) | जगेडा (किलो) |
|---|---|---|---|---|
| २०६८ | २६,४९४,५०४ | ३,२०३,५६३,००० | २,७०७,७३८,३०९ | ४९५,८२४,६९१ |
| २०६९ | २६,८७५,४४५ | ३,२९८,८१६,००० | २,७४६,६७०,४७९ | ५५२,१४५,५२१ |
| २०७० | २७,२६४,५९२ | ३,३०१,६८४,००० | २,७८६,४४१,३०२ | ५१५,२४२,६९८ |
| २०७१ | २७,६६०,७७५ | ३,४२१,०३५,००० | २,८२६,९३१,२०५ | ५९४,१०३,७९५ |
| २०७२ | २८,०६२,८३२ | ३,५८०,०८५,००० | २,८६८,०२१,४३० | ७१२,०६३,५७० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०१६*

वर्ष २०६९ को तुलनामा २०७० मा दोब्बर भएको देखिन्छ । वि. सं. २०६८ मा बंगलादेशले नेपालबाट २ करोड ३८ लाख डलर मूल्य बराबरको तरकारी आयात गरे पनि यो आँकडा वि. स. २०७० मा घटेर ६५ लाख डलरमा सीमित हुन पुगेको थियो । बढ्दो वा घट्दो जे प्रवृत्तिको भए पनि प्राप्त तथ्याङ्कले के देखाउँदछ भने नेपाली कृषि उत्पादनहरूले बंगलादेशी बजारमा जरा गाडिसकेको छ । अब नेपालका लागि चूनौती भनेको यसलाई यस्तै रूपमा रहन दिने वा बढाउने भन्ने मात्र हो ।

बंगलादेशले विभिन्न युरोपेली र अफ्रिकी देशहरूका साथै अमेरिकाबाट पनि ताजा तरकारीहरू आयात गर्दै आएको छ । यस परिप्रेक्ष्यमा निकटताको पक्षलाई ध्यानमा राखेर हेर्ने हो भने नेपालको लागि बंगलादेशमा ताजा तरकारीहरू निर्यात गर्ने प्रशस्त सम्भावना रहेको देखिन्छ ।

*भुटान :* दक्षिण एसियाको अर्को नजिकैको छिमेकी राष्ट्र भुटान नेपाली उत्पादनहरूका लागि एउटा अर्को महत्वपूर्ण गन्तव्य हुनसक्दछ । तर, समान किसिमको भौगोलिक बनावट र समान प्रकारको उत्पादनका अतिरिक्त भुटानको बजारको आकार पनि सानो रहेको कारण नेपालबाट भुटान तरकारी निर्यातको सम्भावना अत्यन्तै न्यून देखिन्छ । तरकारी मात्र नभएर नेपालबाट कुनै पनि कृषि उत्पादनहरूको निर्यात भुटानमा भएको देखिदैंन, बरू नेपालले विगत दुई वर्षबाट भुटानबाट आलु आयात गर्दै आएको छ । भुटानले ज्यादातर भारतबाट तरकारी आयात गर्ने गरेको छ ।

*मध्य पूर्व राष्ट्रहरू:* पर्याप्त कृषियोग्य भूमिको अभावमा आन्तरिक रूपमा कृषि उत्पादन गर्नमा कठिनाई भएका कारण यी देशहरू तरकारी उत्पादन गर्ने देशहरूका लागि ठूलो बजार हुन् । बहराइन जस्तो सानो देशले पनि आफूभन्दा धेरै ठूलो क्षेत्रफल भएको बंगलादेशकै हाराहारीमा तरकारी आयात गर्दछ । त्यस्तै, संयुक्त अरब एमिरेट्स र साउदी अरबजस्ता देशहरूमा पनि उच्च मात्रामा तरकारी खपत तथा उपभोग हुन्छ ।

धेरैजसो मध्य पूर्वी देशहरूमा तरकारी निर्यात गर्दा कुनै शुल्क लाग्दैन वा अत्यन्त न्यून शुल्क मात्र लाग्दछ । यसर्थ, पाकिस्तान र भारत जस्ता दक्षिण एसियाली मुलुकहरूले त्यहाँ ताजा तरकारी निर्यात गर्दै आएका छन् । तथापि, यस दिशामा नेपालले भने अझै पनि बजार विस्तारका लागि पहल गर्न सकेको छैन । यी राष्ट्रहरूका बजारमा प्रवेश पाउनका लागि प्रयास गर्न सके त्यसबाट नेपाली किसानहरू लाभान्वित हुन सक्नेछन् । तर यसका लागि नेपाली तरकारीले त्यहाँका राष्ट्रिय मापदण्ड र खाद्य सुरक्षासम्बन्धी नियमले तोकेको मापदण्ड पुरा गर्नुका साथै दिगो र निरन्तर रूपमा गुणस्तरीय उत्पादनहरूको आपूर्तिलाई सुनिश्चित गर्न सक्नु पर्दछ ।

## निर्यातसँग सम्बन्धित मुद्दाहरू

नेपाली तरकारीको माग र आपूर्ति पक्ष सकारात्मक देखिएता पनि बजारमा यसको उचित प्रचार-प्रसारको अभावका कारण यसले जुनरूपमा प्राथमिकता पाउनुपर्ने थियो त्यो पाउन सकेको छैन । यसका कारण ताजा तरकारीहरूको निर्यातमा मन्दी आएको छ । सरकारले तरकारी निर्यातमा भन्दा उत्पादनमा बढी जोड दिएको पाइन्छ ।

*प्रचार-प्रसारमा कम ध्यान :* नेपालले आफ्ना कृषि उत्पादनहरूको उचित प्रचार-प्रसार गर्न सकिरहेको छैन, सरकारको ध्यान केवल उत्पादनमा मात्रै सीमित भएको पाइन्छ । वास्तवमा भन्ने हो भने उत्पादित वस्तुहरूलाई कसरी आन्तरिक तथा अन्तर्राष्ट्रिय बजारहरूमा पुऱ्याउने वा विस्तार गर्ने भन्ने जस्ता कार्यमा सरकारी तवरबाट कुनै पनि सहयोग भएको पाइदैंन ।

*तथ्याङ्क संकलन र अभिलेखमा फरक :* तरकारी व्यापारसम्बन्धी तथ्याङ्क संकलन गर्दा के, कति र कस्ता कुरालाई अभिलेखमा समावेश गर्ने वा नगर्ने भन्ने कुरा कुनै नीति, नियम वा कार्यविधिको आधारमा भन्दा पनि अधिकतम रूपमा भन्सार अधिकारीहरूको स्वविवेकमा छोडिएको हुन्छ जुन असमान, अपर्याप्त र फरक-फरक हुनसक्ने सम्भावना पर्याप्त रहन्छ । यसबाट नीति तहका निर्णयमा प्रभाव त पर्छ नै साथसाथै प्रभावकारी बजारिकरण रणनीति तथा योजनाहरूको तर्जुमामा समेत असर पर्न जान्छ ।

*नेपालबाट जारी क्वारेन्टाइन प्रमाणपत्रलाई भारतीय अधिकारीबाट बिरलै मान्यता :* नेपाल सरकारका आधिकारिक निकायबाट जारी क्वारेन्टाइन प्रमाणपत्रलाई भारतीय अधिकारीले मान्यता दिने सम्बन्धमा कुनै सुनिश्चितता तथा एकरूपता पाइँदैन । सरोकारवालाहरूका भनाइ अनुसार भारतीय बजारमा त्यस्ता वस्तुको उपलब्धताको आधारमा नेपालबाट जारी प्रमाणपत्रलाई मान्ने वा नमान्ने प्रचलन पाइन्छ । अर्थात् यदि भारतीय बजारमा त्यस्ता वस्तु वा उत्पादनको अभाव छ भने मात्र मान्यता दिइन्छ अन्यथा मानिंदैन । यस किसिमको अनिश्चित परिस्थितिले नेपाली उत्पादक र निर्यातकर्ता बीचमा अन्यौलको स्थिति पैदा गरेको छ ।

भारतीय अधिकारीबाट गरिने यस्ता स्वेच्छाचारी निर्णयका पछाडि उत्पादनको गुणस्तर, परीक्षण र प्रमाणीकरणमा एकरूपता र समायोजनबारे दुई देशका बीचमा आपसमा मान्य सम्झौताको अभाव हुनु नै प्रमुख देखिन्छ । यसका साथसाथै नेपालबाट निर्यात हुने वस्तुहरू खास गरेर तरकारीको लागि भारतका क्वारेन्टाइन जाँच कार्यालयहरू पनि उपयुक्त स्थानमा छैनन् । नेपालको सुदूर पश्चिमी नाका गढ्ढाचौकी र धनगढीका निर्यातकर्ताहरूले क्वारेन्टाइन जाँचका लागि अत्यधिक समय र लागत खर्च गरी नेपाली सीमाबाट धेरै टाढा लखनऊ वा नैनीतालसम्म जानुपर्ने अवस्था छ ।

*सीमा वारिपारि आवतजावत तथा अन्य भौतिक संयोजनको कठिनाइ :* नेपालको सुदूर-पश्चिमी क्षेत्र, विशेषगरी गढ्ढाचौकी र धनगढी भारतसँग गरिने दुईपक्षीय व्यापारका लागि प्रमुख भन्सार नाकाहरू हुन् । तर, यातायात सञ्चालनका लागि आवश्यक भौतिक संयोजनको अभाव एवं सीमितताका कारण यी दुवै सीमा नाकाहरूमा तरकारीलगायत विभिन्न वस्तुहरूको सहज व्यापारमा धेरै अवरोधहरू उत्पन्न भएको पाइन्छ ।

*बजारसम्बन्धी उचित ज्ञानको अभाव :* नेपाली व्यापारीहरूले बजारको गतिशीलतालाई राम्ररी बुझ्न नसक्नु पनि तरकारी व्यापारमा देखापरेका अवरोध एवं समस्याका प्रमुख कारणहरूमध्ये एक हो । सिलिगुडीमा सञ्चालित थोक बजारका भारतीय व्यापारीहरूका अनुसार नेपाली व्यापारीहरूले आफ्ना उत्पादनहरू अथवा बजारको प्राथमिकता के कस्तो छ भन्ने कुराको कहिल्यै पनि सोधपुछ वा चासो राखेको देखिदैंन ।

*बाली उत्पादन र कटाई पश्चात्‌को व्यवस्थापनमा कमी :* सिलिगुडीमा सञ्चालित थोक बजारमा हुने व्यापारिक कारोबारलाई हेर्दा नेपाली उत्पादनलाई बाली उत्पादन र कटाई पश्चात् गरिनुपर्ने व्यवस्थापन र सम्भार उचित तवरबाट नगरिएको देखिन्छ । त्यसको एउटा ज्वलन्त उदाहरणको रूपमा बजारमा भुटान र सिक्किमका बन्दाकोभी प्रति किलो २० देखि २५ रूपैयाँसम्ममा बिक्री हुने गरेको छ भने नेपालमा उत्पादित त्यही बन्दाकोभी केवल १३ देखि १४ रूपैयाँ प्रति किलोमा मात्र बिक्री हुने गरेको पाइयो । उत्पादनदेखि सिलिगुडी बजारसम्म निर्यात हुने क्रममा यसको उचित व्यवस्थापन हुन नसकी गुणस्तरमा ह्रास आउनुलाई यसको प्रमुख कारण मानिन्छ ।

## भविष्यमा अवलम्बन गरिनुपर्ने बाटो एवं अल्पकालीन उपायहरू

*तथ्याङ्क अभिलेख तथा व्यवस्थापनमा एकरूपता :* नेपालका सबै भन्सार नाकाहरूबाट संकलन गरिने औपचारिक तथा अनौपचारिक तथ्याङ्क र अभिलेख प्रणालीमा एकरूपता कायम गर्नु आवश्यक देखिन्छ । यसले आधिकारिक तथ्याङ्कको सुनिश्चितता गर्दछ, जसबाट उपयुक्त नीति निर्माणका क्रममा सहयोग पुग्न जान्छ ।

*वस्तुहरूको अभिलेख वजनमा राख्ने :* नेपालमा प्राय जस्तो वस्तुहरूको अभिलेख वजनमा भन्दा मूल्यमा राखिने परिपाटी छ । यसरी मूल्य अन्तरको आधारमा राखिने तथ्याङ्कबाट विश्लेषण गर्न अत्यन्त कठिन हुने र कुनै निष्कर्ष निकाल्दा चाहिनेभन्दा बढी समय लाग्ने हुँदा वजनको आधारमा अभिलेख राख्ने परिपाटीको विकास गरिनुपर्दछ ।

*गुणस्तर तथा नियमित आपूर्तिको सुनिश्चितता :* वस्तुको गुणस्तरको सुनिश्चितता र यसको आपूर्तिमा स्थिरता नै नयाँ बजारको प्राप्ति र यसलाई दिगो बनाउने प्रमुख आधारहरू हुन् । यसका लागि उच्च निर्यात सम्भाव्यता भएका उत्पादनहरूको पहिचान गरी त्यसको विकास र आपूर्ति गरिनु आवश्यक छ । यस अध्ययनले निर्यातको बढी सम्भाव्यता भएका ताजा तरकारीहरूमा बन्दाकोभी र फर्सीलाई पहिचान गरेको छ । भारतमा यी दुई तरकारीको अत्यधिक माग भएको अध्ययनले देखाएको छ ।

*नेपाली निर्यातकर्ता र भारतीय आयातकर्ता बीचमा सम्बन्ध स्थापनाका लागि सहज वातावरण बनाइनुपर्ने :* ताजा तरकारी निर्यात गर्ने दिशामा नव व्यवसायीहरूलाई प्रोत्साहित गर्नका लागि गहन प्रयत्न गरिनु आवश्यक छ । यसका लागि नेपाली निर्यातकर्ता तथा भारतीय आयातकर्ता बीचमा सुमधुर सम्बन्ध स्थापित गराउने दिशामा सहजीकरण गरिनु अति आवश्यक छ ।

*भारत निर्यात गर्न प्रोत्साहन :* भारत बाहेक अन्य देशहरूमा वस्तु निर्यात गर्ने निर्याकर्ताहरूलाई विभिन्न खालका लाभ तथा सुविधाहरू प्रदान गर्ने नेपाल सरकारको नीति रहेको छ । नेपाल भारतबीचको व्यापार धाटा अत्यधिक रहेको हुनाले भारत निर्यात गर्नेलाई पनि प्रोत्साहन गर्नु अत्यन्त आवश्यक छ । त्यसकारण ताजा तरकारीलगायत भारत निर्यात हुने सबै खाले वस्तुका निर्यातकर्ताहरूलाई विभिन्न लाभ तथा सुविधाहरू प्रदान गर्ने नीति अवलम्बन गरिनु आवश्यक छ ।

*सीमा क्षेत्रमा तरकारीलगायत कृषिजन्य वस्तुहरूको कारोबारका निम्ति हाटबजारको आयोजना :* भारतीय बजारमा मागको सिर्जना गर्न नेपाल र भारत दुवैले आ–आफ्ना सीमा क्षेत्रमा नियमित र आवधिक रूपमा हाट बजारहरूको आयोजना गर्नेबारे सोच्न सक्दछन् । बंगलादेश र भारतका बीच सञ्चालन हुने यस्ता हाट बजारहरू निकै सफल सावित भएका पाइन्छन् ।

*किसान तथा व्यापारीलक्षित क्षमता अभिवृद्धि गर्ने उपायहरू कार्यान्वयनमा ल्याउने:* किसान र व्यापारीलाई लक्षित गरी उनीहरूको क्षमता अभिवृद्धि गराउने खालका विभिन्न अभ्यासहरू सञ्चालन गर्नु आवश्यक छ । एकपटक यस किसिमको संयन्त्र स्थापित भएपछि, किसान र व्यापारीहरूले तरकारीजन्य वस्तुहरूको उत्पादनबारे कहिल्यै पछाडि फर्केर हेर्नुपर्ने छैन, जसको ज्वलन्त उदाहरण नेपालको पूर्वी क्षेत्रबाट हुने बन्दाकोभीको निर्यात हो ।

*बाली उत्पादन-पश्चात् अपनाइनुपर्ने प्रक्रियाहरूका सम्बन्धमा गहन र वृहत् प्रशिक्षण सञ्चालन गर्ने :* बाली उत्पादन-पश्चात् वस्तुहरूको व्यवस्थापन र त्यसमा अपनाउनुपर्ने सावधानीका सम्बन्धमा किसानलाई जागरूक बनाउने खालका विभिन्न प्रशिक्षण कार्यक्रमहरू दिइनु आवश्यक छ । यसप्रकारका कार्यक्रमहरूमा उचित कटाईका लागि अपनाउने प्रविधि, केलाउने तरिका, गुणस्तरको आधारमा छुट्टयाउने वा क्रमबद्ध पार्ने, प्याकिङ्, भण्डारण र लेबलिङ् जस्ता आधारभूत विषयहरू पर्दछन् । यसका अतिरिक्त चिसो गोदामको निर्माण, ढुवानीका लागि अनुदान र प्याक गर्नका लागि चाहिने उपयुक्त सामाग्रीहरूको उपलब्धता सम्बन्धमा समेत सहयोगी कार्यक्रमहरूलाई अघि बढाइनु आवश्यक हुन्छ ।

*सामुहिक प्रयासका लागि कृषक र व्यापारीलाई संगठित हुन सहयोग पु¥याउने :* चिया, कफी, अदुवा र जडीबुटीलगायत अन्य वस्तुहरूका उत्पादक र व्यापारीहरू जसरी संगठित भइ काम गर्दछन्, त्यसरी तरकारी कृषक र व्यापारीहरू संगठित भएको पाइदैंन । तरकारी उत्पादन र निर्यात कार्यलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि उनीहरूले पनि सामुहिक प्रयासका माध्यमबाट दबाब दिनु आवश्यक देखिन्छ ।

*सीमा क्षेत्रमा भन्सार प्रक्रियालाई चुस्त बनाइनुपर्ने :* तरकारी निर्यातका लागि चुस्त भन्सार निकासी एकदमै महत्वपूर्ण छ । यो तथ्यलाई मनन गरी नेपाल तथा भारत दुवै राष्ट्रका सरकारले सीमा क्षेत्रमा हुने तरकारीलगायत कृषिजन्य वस्तुको सहज व्यापारलाई चुस्त र प्रभावकारी बनाउन कदम चाल्नु पर्ने आवश्यकता देखिन्छ ।

## दीर्घकालीन उपायहरू

*उत्पादनमा निरन्तर सहयोग तथा बजारिकरणमा ध्यान :* मूल्य श्रृङ्खलाका सम्पूर्ण सरोकारवालाहरूले उत्पादनदेखि बजारि करणसम्मका लागि एक पूर्ण रणनीतिको तर्जुमा गर्नु आवश्यक छ, जसको परिणाम स्वरूप कुनै पनि उत्पादन खेर नजाओस् ।

*नेपाल-भारत व्यापार सन्धिका निरूत्साहित गर्ने प्रावधानहरु पुनरावलोकन गरिनुपर्ने :* २७ अक्टोबर २०१६ मा नेपाल-भारत बीचको द्विपक्षीय व्यापार सन्धि कुनै परिवर्तनविना नै नवीकरण गरियो तर यस अध्ययनले उक्त सन्धिको प्रावधानहरू पुनरावलोकन

गरिनुपर्ने औचित्य सावित गर्दछ । मूल्यको मामलामा नेपाली उत्पादनहरूले भारतीय उत्पादनहरूसँग प्रतिस्पर्धा गर्न सक्दैनन्, तथापि पारस्परिक भन्सार महसुल दरको प्रावधानका कारण नेपाली उत्पादनहरूलाई उछिन्दै भारतीय कृषि उत्पादनहरूको नेपालमा ओइरो नै भएको पाइन्छ । यस परिप्रेक्ष्यमा भारतबाट आयात गरिने त्यस्ता संवेदनशील कृषि वस्तुहरूको सूची तत्काल बनाई त्यस्ता वस्तुमा आवश्यक भन्सार शुल्क लगाउन पाउने अधिकार सुरक्षित गरिनु आवश्यक देखिन्छ ।

*नेपालका वनस्पतिसम्बन्धी गुणस्तर परीक्षण गर्ने प्रयोगशालाको क्षमता अभिवृद्धि गरी क्षेत्रीय र अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउनेः* नेपालका वनस्पति तथा बोटबिरूवासम्बन्धी गुणस्तर परीक्षण गर्ने प्रयोगशालालाई क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मापदण्डसँग समायोजन र सवलीकरण गर्नका लागि सरकारले एउटा विस्तृत योजना निर्माण गर्नुपर्छ । जसअन्तर्गत त्यस्ता प्रयोगशालाका उपकरण, परीक्षण र प्रमाणीकरण गर्ने क्षमता, मानव संसाधनको परिचालन, सुविधाहरूको सन्निकटता एवं प्रशासनिक संरचनामा सुधार ल्याउने जस्ता कार्यहरू गरिनुपर्दछ ।

*बेमौसमी तरकारी उत्पादनको प्रचार प्रसारमा जोडः* बेमौसममा उत्पादित तरकारीहरुले थप मूल्य आर्जन गर्छन् । यद्यपि, किसानहरूले आफ्ना बालीलाई प्रतिकूल मौसम, किरा-फट्याङ्ग्रा, विषादी र रोगहरूबाट बचाउन विशेष स्याहार गर्नुपर्ने हुन्छ । यसप्रकारको बेमौसमी तरकारी खेतीका लागि पोलिहाउस प्रविधि, थोपा सिंचाईका साथै किसानहरूलाई प्रशिक्षण दिनु आवश्यक छ ।

*बढ्दो प्रतिस्पर्धाबाट फाइदा लिनका लागि जैविक उत्पादनलाई प्रवर्द्धन गर्नेः* जैविक उत्पादनहरूको भारतमा मात्रै नभइकन कतार, संयुक्त अरब एमिरेट्स, दक्षिण कोरिया र युरोपेली संघलगायत अन्य देशहरूमा समेत बजारको ठूलो सम्भाव्यता रहेको छ । त्यसैले नेपालले एकीकृत विषादी व्यवस्थापन तथा कृषि बीमा नीतिहरूजस्ता कार्यक्रमहरू आरम्भ गरी जैविक तरकारी खेतीको सम्भावित बजारमा आफ्नो ध्यान केन्द्रित गर्नु अत्यावश्यक छ ।

*किटनाशक औषधिको जोखिम विश्लेषणका लागि सहयोगी हुने प्रभावकारी संयन्त्रको स्थापना गर्ने :* नेपालले तोकिएका केही निर्यात सम्भाव्यता भएका तरकारीहरू तथा फलफूलमा प्रयोग गरिने किटनाशक औषधि र रोगहरूको सम्बन्धमा तथ्याङ्क संकलनको प्रक्रियालाई तत्काल अघि बढाउन सकेको खण्डमा नेपालका तरकारी तथा फलफूल भारतमा मात्रै नभई अन्य देशहरूमा पनि निर्यात गर्नमा सहयोग पुग्नेछ ।

*पर्याप्त प्रचालन सहयोग (लजिस्टिकल सपोर्ट) गर्ने :* तरकारी निर्यातलाई सहजीकरण गर्नका लागि उचित भण्डारण तथा ढुवानीसँग सम्बन्धित पूर्वाधारहरूजस्ता अत्यावश्यक प्रचालन सहयोग सही तरिकाले गरिनुपर्दछ । तरकारीहरू छिट्टै नाश हुने वस्तु भएकोले उत्पादनको छोटो अवधिभित्र नै बजारमा पुगिसक्नु अत्यन्त जरूरी हुन्छ । यसका साथसाथै मध्य-पूर्वी देशहरूमा तरकारी निर्यात गर्नका लागि उल्लेखित सुविधा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पनि आवश्यक भएको देखिन्छ ।

## भविष्यका मुद्दाहरू

नीतिगत सुझावहरूका अतिरिक्त निजी क्षेत्र, अनुसन्धानकर्ता र विकास-साझेदारहरू सबैको आ-आफ्नो भूमिका रहेको हुन्छ । यो अनुसन्धानमा नेपालबाट तरकारी निर्यात हुनसक्ने सम्भावना भएको भनी उल्लेख भएका देशहरू केवल सांकेतिक मात्र हुन् । नेपालबाट ताजा तरकारी निर्यात गर्न सकिने सम्भावित राष्ट्र अरू धेरै हुनसक्छन् जसको पहिचानका लागि गहन अध्ययन तथा अनुसन्धान आवश्यक देखिन्छ । त्यस्तै, नेपालले आपूर्तितर्फ पनि ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । नेपालका विभिन्न क्षेत्रबाट भारत र अन्य सम्भावित देशहरूमा निर्यात गर्न सकिने मुख्य वस्तुहरूको पहिचान गर्न समेत छुट्टै अध्ययनको आवश्यकता रहेको देखिन्छ । यस्ता वस्तुहरूको उत्पादन हुने विशेष क्षेत्र निर्माण गर्ने बेलामा सरकारले त्यस्ता वस्तुको उत्पादन, बजार, प्रचार प्रसार र सही कृषि अभ्यासहरूको पालनाको सम्बन्धमा पनि विशेष ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ । ■

## थप जानकारी र प्रतिक्रियाका लागि

sawtee

सावती (South Asia Watch on Trade, Economics and Environment–SAWTEE), पो.ब.नं.: १९३६६, टुकुचा मार्ग, काठमाडौं
फोनः ४४२४३६०, ४४४४४३८, फ्याक्सः ४४४४५७०, इमेलः sawtee@sawtee.org, वेबः www.sawtee.org

साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती) को स्थापना सन् १९९४ मा दक्षिण एसियाका गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो । दक्षिण एसियाका ११ संस्था सदस्य रहेको सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुमा अनुसन्धान र सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षिण एसियाली क्षेत्रीय सञ्जालको रूपमा कार्यरत छ । त्यस्तै गैरसरकारी संस्थाका रूपमा सन् १९९९ मा नेपालमा दर्ता भई सावतीले राष्ट्रिय र स्थानीय स्तरमा विभिन्न परियोजना र कार्यक्रमहरू पनि संचालन गर्दै आएको छ ।

यो नीतिसार सामर्थ्य-एनएमडीपी र यूके एडको सहयोगमा सावतीद्वारा सम्पन्न “Study on the export potential of fresh vegetables to India and other countires” मा आधारित भएर सावतीका कार्यक्रम संयोजक निलु थापाद्वारा लिखित Policy Brief लाई आधार मानी सावतीका कार्यक्रम निर्देशक डा. ध्रुवेशचन्द्र रेग्मीद्वारा तयार पारिएको हो ।
यसमा प्रकाशित विचार तथा मान्यताहरू सावती, सामर्थ्य-एनएमडीपी र यूके एडका नहुन पनि सक्छन् ।

कपिराइटः सावती, २०७३, सज्जाः विपेन्द्र घिमिरे, मुद्रकः भेराइटी प्रिन्टर्स, काठमाडौं ।